# एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

**NMB MICROFINANCE BITTIYA SANSTHA LIMITED**

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था" (१५+१० जिल्ला कार्यक्षेत्र भएको)

(साविकको क्लिन भिलेज माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड)

**केन्द्रीय कार्यालय** : पोखरा-२९, मिलनचोक, हेम्जा, कास्की

फोन : ०६१-४००४२७,४००४२८, ४००४७७ वेभसाइट : www.nmbmicrofinance.com

# चौथो वार्षिक साधारण सभाको सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

यस एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्थाको मिति २०७३/०७/०४ गते बसेको सञ्चालक समितिको ५४ औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साधारण सभा सम्बन्धी सम्पूर्ण विवरणहरु शेयरधनी महानुभावहरुलाई समयमै पठाइनेछ । कुनै व्यहोराले प्राप्त नभएमा वा हुन नसकेमा यसै सूचनालाई आधारमानी सभामा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, स्थान र समय :**

मिति : २०७३ साल मंसिर महिना १८ गते, शनिवार (तदनुसार ०३ डिसेम्बर, २०१६),

स्थान : होटल सांग्रीला भिलेज रिसोर्ट, घारीपाटन, पोखरा, कास्की ।

समय : बिहानको ११:०० बजे

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आ.व. २०७२/०७३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०७२/०७३ को नाफा नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,

३. आ.ब. २०७३/०७४ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा,

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७२/०७३ को मुनाफाबाट चुक्ता पूँजीको १.३१५८ (एक दशमलब तीन एक पाँच आठ) प्रतिशतका दरले रु.६०५,२६३।- नगद लाभांश (वोनस शेयरको कर प्रयोजनको लागि मात्र) पारित गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७३ आषाढ मसान्त सम्मको चुक्ता पूँजी रु. ४ करोड ६० लाखको २५ प्रतिशतका दरले बोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा,

२. वित्तीय संस्थाको अधिकृत पूँजी रु.२०,००,००,०००।- (अक्षरेपि बीस करोड रुपैयाँ मात्र) बाट बृद्धि गरी रु.४०,००,००,०००।- (चालीस करोड रुपैयाँ मात्र) पुर्‍याउन स्वीकृति प्रदान गर्ने सम्बन्धमा,

३. वित्तीय संस्थाको कार्यक्षेत्रको विस्तारको लागि जिल्लाहरु थप गर्ने साथै नेपाल राष्ट्र बैंकबाट तोके बमोजिमको पूँजी पुर्‍याई राष्ट्रिय स्तरको वित्तीय संस्थामा स्तरोन्नतीका लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिने,स्वीकृति प्राप्त भएपछि सोही बमोजिम वित्तीय कारोवार गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा,

४. बोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको वर्तमान जारी तथा चुक्ता पूँजीमा वृद्धि हुने भएकोले सोही बमोजिम जारी तथा चुक्ता पूँजी वृद्धि गरी आवश्यक संशोधन गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा,

५. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा,

६. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन भएमा सो अनुरुप गर्नका लागि सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने सम्बन्धमा,

७. विविध ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## चौथो वार्षिक साधारणसभा सम्बन्धी थप जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि वित्तीय संस्थाले शेयर दाखिला खारेजी २०७३ साल कार्तिक १८ गते देखि मंसिर १८ गते सम्म बन्द रहनेछ । साथै मिति २०७३ कार्तिक १७ गते सम्म नेपाल स्टक एक्सचेन्जमा कारोबार भई, २०७३ कार्तिक २६ गते सम्म नामसारी भएका व्यक्तिहरु साधारण सभाको लागि योग्य हुनेछन ।

२. शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिमा कायम शेयरधनी महानुभावहरुको ठेगानामा वार्षिक साधारण सभाको सूचना, संक्षिप्त आर्थिक विवरण, प्रोक्सी फारम र प्रवेश पत्र पठाईने छ । कुनै शेयरधनी महानुभावहरुले कुनै कारणवश उपरोक्त सूचना नपाउनु भएमा यसै सूचनालाई आधार मानी आफ्नो कुनै एक सक्कल शेयर प्रमाणपत्र वा आफ्नो कुनै परिचय खुल्ने प्रमाणपत्र साथमा लिई सभामा भाग लिन आउनुहुन अनुरोध गर्दछौं ।

३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनीहरुले वार्षिक प्रतिवेदनका साथ संलग्न प्रवेशपत्र वा शेयरको प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने प्रमाणपत्र र सो को प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

४. वार्षिक साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।

५. वार्षिक साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा-२९, हेम्जा, कास्कीमा दर्ता गराई सक्नुपर्नेछ ।

६. प्रतिनिधि नियुक्त गर्दा वित्तीय संस्थाको शेयरधनीलाई नै गर्नु पर्नेछ । कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेपछि आफु स्वयं उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द भएको मानिनेछ ।

७. नावालक वा विक्षिप्त शेयरधनीहरुको हकमा वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ । संयुक्त रुपमा शेयर लिने शेयरधनीहरुको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मत रुपमा मनोनित प्रतिनिधिले वा सो वमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता कितावमा पहिल्यै नाम उल्लेख भएको शेयरधनीले मात्र साधारण सभामा भाग लिन पाउने छ ।

८. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछ ।

९. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्बन्धमा केहि जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१०. साधारण सभामा भाग लिन आउनुहुने शेयरधनीहरुले साधारण सभासँग सम्बन्धित कागजात बाहेकका कुनै झोला, पोका वा अन्य निषेधित सामाग्री नलिई आउनुहुन अनुरोध गरिएको छ ।

**द्रष्टव्य :** वित्तीय संस्थाको वार्षिक प्रतिवेदन वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट प्राप्त गर्न सक्नु हुनेछ । साथै उक्त प्रतिवेदन शेयरधनी महानुभावहरुको सुविधाको लागि वित्तीय संस्थाको वेबसाइट **www.nmbmicrofinance.com** मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।